# गण्डकी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## भुम्लिचोक, गोरखा

## क्याटलग/ब्रोसर सपिङ्ग विधिबाट व्याकहोय लोडर खरिद सम्बन्धी शिलबन्दी प्रस्ताव आव्हानको सूचना

(प्रथम पटक प्रकाशन मिति : २०७८/०५/०४ गते )

यस कार्यालयको आ.व. २०७८/०७९ को स्वीकृत बजेट अनुसार देहाय बमोजिमका सवारी साधन सार्वजनिक खरिद ऐन, २०६३ (पहिलो संशोधन २०७३ ) को दफा ८ को उपदफा १ (क) (८) तथा गण्डकी गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७ को नियम ३४ (१) बमोजिम त्यस्ता सवारी साधन उत्पादक कम्पनी वा सो को आधिकारीक बिक्रेताहरु बिच मात्र प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ्ग) विधिबाट खरिद गुर्नपर्ने भएकोले गण्डकी गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७ को नियम ३४ (१) बमोजिम देहाय बमोजिमको सवारी साधनको उत्पादन वा आधिकारीक बिक्रेताहरुबाट उक्त सवारी साधन बिक्रि गर्न नेपाल सरकारको सम्बन्धित निकायबाट प्राप्त भएको अनुमति पत्र, सो अध्याबधिक नबिकरण भएको पत्र, स्थाई लेखा नम्बर तथा मुल्य अभिबृद्धी कर दर्ता प्रमाणपत्र, आ.ब.२०७७।७८ को कर चुक्ता प्रमाण पत्र, उक्त सवारी साधनको सप्लाई गरेको हाल सम्मको बिस्तृत बिबरण सम्बन्धी कार्य अनुभबको प्रमाण पत्र, उत्पादकको आधिकारिक प्राबिधिक स्पेसिफिकेशन, मूल्य, गुणस्तर तथा सुबिधा सहितको बिबरण खुल्ने कागजात (क्याटलग वा ब्रोसर) संलग्न राखि यो सूचना प्रकाशित भएको मितिले पन्ध्रौ (१५) दिन (२०७८।०५।१८) मध्यान्ह १२:०० बजे सम्म यस कार्यालयमा छुट्टाछुट्टै प्रस्ताव सहितको निवेदन दर्ता गराउनु हुन सार्बजनिक खरीद ऐन २०६३ तथा गण्डकी गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७ को नियम ३४ (१) बमोजिम यो सूचना प्रकाशित गरिएको छ। दर्ता गरीएको शिलबन्दी प्रस्ताबहरु सोहि दिनको १४:०० बजे खोलिने छ । पेश गर्ने अन्तिम दिन सार्बजनिक बिदा पर्न गएमा बिदा पछीको कार्यलय खुलेको दिन सोहि समयसम्म पेश गर्न सकिने छ ।

साथै सूचीकृत नभएका उत्पादक वा आधिकारीक बिक्रेता कम्पनीहरुले सूचीकृत गराई उक्त शिलबन्दी प्रस्ताब पेश गर्न सकिने ब्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशिल:**

| क्र.सं. | ठेक्का नम्बर | सवारी साधन को नाम | संक्षिप्त बिबरण | कैफियत |
|---|---|---|---|---|
| १. | २/२०७८/७९ | Backhoe Loader | Operating Weight not less than **8000 kg;** diesel engine; developing SAE rated gross HP not less than **92HP** with minimum **400NM** Torque with displacement of 4.4 liters (engine fully equipped with accessories) at governed RPM for efficient full load operation, suitable hydraulic pumps flow not less than **117 LPM** and system pressure PSI (bar) not less than **3300**, | संक्षिप्त बिबरणमा उल्लेख नभएका कुराहरु स्वीकृत प्राबिधिक स्पेसीपिफकेशन बमोजिम हुनेछ । |

**प्रमुख प्रशासकीय अधिकृत**